नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३५ अंक २८१ २०८३ साल असार ५ गते शुक्रबार (19 June 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रेस स्वतन्त्रता, डिजिटल... ३ पृष्ठमा : मधेसको कैलासः लोकआस्था ... ३ पृष्ठमा नेतान्याहुलाई हेजबुल्लासँग..




झण्डै एक महिनादेखी लालपूर्जाको माग गर्दै राजविराज नगरवासीले विभिन्न चरणको आन्दोलन पश्चात् विगत एक हप्तादेखी आफ्नो एक सूत्रिय माग राख्दै नयाँ नयाँ शैलीको आन्दोलन गरिरहेका छन् । आन्दोलनकै क्रममा बिहीबार साँझ "द्वन्द होइन लालपूर्जा चाहियो" लिखित ब्यानर र हातमा गुलाबको फुल बोकेर आन्दोलनलाई निरन्तरता दिएका छन् । *तस्बिर : राजविराज दैनिक*

# नीजि विद्यालयहरुले बढाएको शुल्क विरुद्ध उच्च अदालतद्वारा अल्पकालिन अन्तरिम आदेश जारी



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

नीजि विद्यालयहरुले बढाएको शुल्क विरुद्ध उच्च अदालत जनकपुर-राजविराज इजलासले बिहीबार अल्पकालिन अन्तरिम आदेश जारी गरेको छ ।

अधिवक्ता सुरेश कुमार सिंहले अभिभावक र विद्यार्थीको शैक्षिक हितलाई ध्यानमा राख्दै दायर गरेको उत्प्रेषण तथा परमादेशको रिट निवेदनमाथि सुनुवाइ गर्दै न्यायधीश राम बहादुर थापाको एकल इजलासले सो आदेश जारी गरेको हो ।

सो रिट बिरुद्ध वरिष्ठ अधिवक्ता सुजित कुमार पोखरेल, अधिवक्ताहरू सतिश राय, विनोद कुमार पाण्डेय, निवेदक समेत रहेका अधिवक्ता सुरेश कुमार सिंह, अधिवक्ता फूल नारायण यादव, रवीन्द्र कुमार यादव र अनोज कुमार रायमाझीले दायर रिटमा

*बाँक अन्तिम पृष्ठमा*

# सात बुँदे माग अघि सार्दै हरवा-चरवाले एकै दिन सप्तरीका १८ वटै पालिकामा बुझाए मागपत्र




**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

हरवा चरवाले विभिन्न ७ बुंदे मागँ अघि सार्दै विहीवार एकै दिन र एकै समयमा सप्तरीका १८ वटै पालिकामा प्रर्दशन सहित मागपत्र बुझाएका छन ।

सचेतना अभियान तथा प्रदर्शन कार्यक्रम अन्तर्गत मुक्त हरवा चरवा अधिकार मञ्च केन्द्रिय कार्यालयको अगुवाईमा प्रर्दशन पश्चात् पालिकाहरुमा माग-पत्र बुझाइएको हो ।

हरवा चरवा प्रथाको अन्त्य गरौ, न्यायपुर्ण श्रम सम्बन्ध कायम गरौ, मर्यादित श्रम, समान ज्याला र मुक्त हरवाको पुर्नस्थापना गर लगायतका नारा लेखिएको प्लेकार्ड बोकेर बजार परिक्रमा पश्चात पालिका कार्यालय पुगेर माग-पत्र बुझाइएको हो ।

मागपत्रमा मुक्त हरवा चरवाको तथ्याङ्क संकलन, प्रमाणिकरण तथा परिचय पत्र वितरण कार्य तत्काल सूरु गरिनु पर्ने, मुक्त हरवा चरवाको पुनः स्थापना तथा अधिकार सुनिश्चिताका लागी छुट्टै बजेट विनियोजन गरिनु पर्ने, सुरक्षित वासको सुनिश्चिता गरिनु पर्ने तथा सरकारको नीति, कार्यक्रम र बजेटमा हरवा चरवालाई प्राथमिक्ता दिइनु पर्ने माग गरिएको छ ।

यस्तै मुक्त हरवा चरवाको सामाजिक सुरक्षा तथा शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार गरिनु पर्ने लगायतका माग पनि माग-पत्र मार्फत गरिएको छ । मञ्चका केन्द्रीय अध्यक्ष दशन लाल मण्डलले मुक्त हरवा चरवाको अधिकार सुनिश्चित गर्न जिल्लाका १८ वटै पालिकामा एकै साथ स्थानीयस्तरीय जनप्रर्दशन, माग-पत्र बुझाउने तथा त्यस पछि आम सभाको आयोजना गरिएको थियो ।

कार्यक्रम सफल बनाउन राष्ट्रिय दलित नेटर्वक नेपालका कार्यकारी निर्देशक हुकुम सार्की, द फ्रिडम फण्डका जनवकालत सल्लाहकार बालाराम भट्टराई, श्रीपुराज सामुदायिक विकास

*बाँक अन्तिम पृष्ठमा*

# प्रहरी टोलीमाथी तस्करको समूहद्वारा आक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीमा नेपाल प्रहरीको टोलीमाथी बिहीबार बिहान तस्करको समूहले आक्रमण गर्नुका साथै एक प्रहरीलाई कुटपिट समेत गरेका छन् ।

जिल्लाको बलान बिहुल गाउँपालिका ५ रामनगर कोदरकट्टीस्थित नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा क्षेत्र दशगजा नजिक नेपाल प्रहरी टोलीमाथि तस्कर समूहले आक्रमण गरेको हो । तस्करको समहूले प्रहरी चौकीका इन्चार्ज असई रामकुमार यादवमाथि कुटपिट गरेका हुन् ।




जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक एवं प्रवक्ता हेमराज घिमिरेले प्रहरीमाथि कुटपिट भएको पुष्टि गर्दै घटनाको वास्तविक कारण र संलग्न व्यक्तिबारे अनुसन्धान भइरहेको बताए ।

सीमा स्तम्भ नम्बर २४३ नजिक तस्करी गतिविधिबारे सूचना पाएपछि पुगेको रामनगर

*बाँक अन्तिम पृष्ठमा*

**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं**

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोवास भएकाहरु विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### फरार प्रतिवादी पक्राउ अभियानका लागि सम्बन्धीत निकायहरुबीच समन्वय आवश्यक

सप्तरी प्रहरीले फरार प्रतिवादी पक्राउ गर्ने अभियान नै चलाएको छ । अदालतबाट विभिन्न मुद्दा सजाय पाई फरार रहेका प्रतिवादीहरुलाई पक्राउ गरिदै छ । जिल्लामा हाल तिब्र रूपमा सञ्चालनमा आएको फरार प्रतिवादी पक्राउ अभियान एक सकारात्मक र न्याय प्रणालीप्रति जनविश्वास जगाउने पहलको रूपमा हेरिएको छ । यो अभियानले कानूनको डर कायम राख्नुका साथै पीडित पक्षलाई न्यायको आशा दिने काम समेत गरिरहेको छ । नेपालमा विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा अदालतले फैसला गरिसकेका मुद्दाका प्रतिवादीहरू वर्षौंसम्म पनि पक्राउ नपरी खुला रूपमा हिँड्ने प्रचलनले न्याय प्रणालीप्रति नागरिकको विश्वास कमजोर बनाउने खतरा रहँदै आएको छ ।

न्यायबाट उम्कन खोज्ने दोषीहरूलाई कानुनी प्रक्रियामा ल्याउनु कानूनको सर्वोच्चता र विधिको शासनको सुनिश्चितता हो । सप्तरीमा गरिएको यो अभियान एक उदाहरणीय कार्य हो । यद्यपि, अभियानमा पारदर्शिता, निष्पक्षता र मानव अधिकारको संरक्षण आवश्यक छ । कुनैपनि पक्राउ प्रक्रिया कानुनी मापदण्डभित्र रहनु पर्छ र सुरक्षाकर्मीहरूले सशक्त प्रमाणका आधारमा मात्र कार्य गर्नु पर्छ । निर्दोष व्यक्तिहरू फसिने अवस्था सिर्जना नहोस् भन्ने विशेष सतर्कता अपनाउन जरुरी छ । यस्तो अभियानलाई स्थायी रूप दिन आवश्यक छ । एकपटकको सक्रियता मात्र पर्याप्त हुँदैन ।

यस अभियानका लागि सम्बन्धीत निकायहरुबीच समन्वय आवश्यक छ । तसर्थ नियमित रूपमा यस किसिमका अभियानहरू सञ्चालन गरिनुपर्छ । यस्ता प्रयासले न्यायको पहुँच सबैसम्म पुऱ्याउने, कानूनको शासन बलियो बनाउने र सुसंस्कृत समाज निर्माणतर्फको कदम रहेको छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रेस स्वतन्त्रता, डिजिटल रूपान्तरण र ग्रामीण दूरसञ्चार विस्तार सरकारको प्राथमिकतामा छ : सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाडौं, ४ असार (रासस) ।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा नागरिकको सूचनाको हकको संरक्षणप्रति पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्दै आमसञ्चार क्षेत्रलाई थप मर्यादित, जवाफदेही र विश्वसनीय बनाउन आवश्यक कानुनी तथा नीतिगत सुधारलाई प्राथमिकतामा राखिएको बताउनुभएको छ ।

विनियोजन विधेयक, २०८३ अन्तर्गत सूचना तथा सञ्चार मन्त्रालयसँग सम्बन्धित शीर्षकमाथिको छलफलमा सांसदहरूले उठाएका जिज्ञासाको बुधबार प्रतिनिधिसभामा जवाफ दिनुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मन्त्रालयको नीति, कार्यक्रम र बजेट आमसञ्चार, दूरसञ्चार, हुलाक सेवा, चलचित्र तथा मुद्रण गरी पाँच प्रमुख क्षेत्रमा केन्द्रित रहेको जानकारी दिनुभयो ।

आगामी आर्थिक वर्षका लागि सञ्चार मन्त्रालय र मातहतका निकायका लागि रु पाँच अर्ब ९३ करोड ६० लाख बराबर बजेट विनियोजन गरिएको छ । उक्त बजेटमध्ये ८८ प्रतिशत अनिवार्य दायित्व अर्थात् चालु खर्चतर्फ र १२ प्रतिशत पुँजीगत खर्चतर्फ विनियोजन गरिएको छ ।

मन्त्रालय मातहतका निकायहरूमा नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लिमिटेड आफ्नै आन्तरिक स्रोतबाट सञ्चालन भइरहेको तथा नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति र चलचित्र विकास बोर्डले सरकारी अनुदानसँगै आफ्नै स्रोतसमेत परिचालन गर्दै आएको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो ।

सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समेटिएका मन्त्रालयसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि एकीकृत वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने तथा नियमित समीक्षा, अनुगमन र मूल्याङ्कन गरिने उहाँले सदनमा जानकारी गराउनुभयो ।

छलफलका क्रममा सांसदहरूले निजी सञ्चारमाध्यमको संरक्षण, श्रमजीवी पत्रकारको अधिकार, सामाजिक सञ्जालको व्यवस्थापन, डिजिटल सुरक्षा तथा गलत सूचना र 'फेक न्युज' नियन्त्रणलाई मन्त्रालयको प्रमुख प्राथमिकता बनाउनुपर्ने धारणा राखेका थिए । निजी सञ्चारमाध्यम र श्रमजीवी पत्रकार आफ्ना हकअधिकारको संरक्षणका लागि आन्दोलन गर्न बाध्य भएको अवस्थाप्रति पनि सांसदहरूले चिन्ता व्यक्त गरेका थिए ।

यस सम्बन्धमा सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खुम्चिने गरी सरकारले कुनै पनि काम नगर्ने स्पष्ट पार्नुहुँदै सार्वजनिक सरोकारका सूचना नागरिकले सहज रूपमा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले राष्ट्रिय सूचना आयोगलाई थप सक्रिय बनाइएको बताउनुभयो । सूचनाको हक प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक निकायलाई जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउने दिशामा सरकार अघि बढिरहेको उहाँको भनाइ थियो ।

पत्रकारहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयन सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले सूचना तथा प्रसारण विभागसँग सेवा लिने सञ्चार प्रतिष्ठानले पत्रकारलाई भुक्तानी गरिएको पारिश्रमिकको 'पे-रोल'समेत पेश गर्नुपर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो । त्यस्तै, श्रम शोषण कुनै पनि हालतमा स्वीकार्य नहुने र सञ्चार क्षेत्रलाई सुरक्षित तथा मर्यादित बनाउन सरकार प्रतिबद्ध रहेको उहाँले दोहोऱ्याउनुभयो ।

पत्रकारितासँग सम्बन्धित संस्था दलगत आधारमा स्थापना गर्नु प्रेस स्वतन्त्रता वा अन्तरराष्ट्रिय मान्यताअनुरूप नहुने पनि उहाँको धारणा थियो । त्यस्तै, सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता क्षेत्रसँग सम्बद्ध संस्थाका कार्यक्रमका लागि आगामी आर्थिक वर्षको लागि रु ५० लाख विनियोजन भएको बताउनुभयो । जसमध्ये खोजमूलक तथा जिम्मेवार पत्रकारिता फेलोसिप कार्यक्रमका लागि रु २१ लाख, मिडिया नवप्रवर्तन तथा तथ्य प्रमाणीकरण (फ्याक्ट चेक) कार्यक्रमका लागि रु २४ लाख ५० हजार तथा सार्वजनिक गुनासो व्यवस्थापन र पारदर्शिता प्रणाली विकास कार्यक्रमका लागि रु ४० लाख विनियोजन गरिएको छ ।

प्राकृतिक विपद्का समयमा सार्वजनिक प्रसारण संस्थामार्फत पूर्वसूचना प्रवाह गर्ने तथा दूरसञ्चार सेवा प्रदायकमार्फत एसएमएस प्रणालीबाट पूर्वसूचना उपलब्ध गराउने व्यवस्था पनि प्रभावकारी रूपमा सञ्चालन भइरहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले सदनलाई जानकारी गराउनुभयो ।

प्रतिनिधिसभाका विभिन्न बैठकहरूमा सांसदहरूले ग्रामीण, पहाडी तथा हिमाली क्षेत्रमा अझै गुणस्तरीय मोबाइल नेटवर्क र इन्टरनेट सेवा नपुगेको, महङ्गो डाटा तथा कमजोर सेवाबाट नागरिक प्रभावित भएको तथा साइबर अपराध बढ्दै गएको विषय उठाउनुभएको थियो ।

ती प्रश्नहरूलाई सम्बोधन गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले गुणस्तरीय र सुलभ दूरसञ्चार सेवा विस्तार सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । दूरसञ्चार ऐनलाई समयानुकूल संशोधन गर्ने कार्य जारी रहेको उल्लेख गर्दै उहाँले मोबाइल नेटवर्कको नियमित अनुगमन, ड्राइभ टेस्ट र नेटवर्क अप्टिमाइजेसनमार्फत सेवाको गुणस्तर सुधार भइरहेको जानकारी दिनुभयो ।

उहाँले सेवा नपुगेका तथा नयाँ माग भएका क्षेत्रमा सञ्चार सेवा विस्तार गर्न नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गतको ग्रामीण दूरसञ्चार विकास कोष (आरटीडीएफ) परिचालनलाई तीव्रता दिईएकोसमेत बताउनुभयो । देशभर बीटीएस, ई-नोडबी, मोबाइल टावर तथा 'फाइबर टु द होम' (एफटीटीएच) पूर्वाधार विस्तारको कार्य अघि बढाइएको जानकारी दिनुहुँदै उहाँले आर्थिक वर्ष २०८१/८२ मै एफटीटीएच सेवा ७७ वटै जिल्ला सदरमुकामसम्म पुगेको र अब सबै नगरपालिका तथा गाउँपालिकाका वडासम्म विस्तार गर्ने काम सुरु भइसकेको बताउनुभयो ।

मध्यपहाडी लोकमार्ग तथा अन्य राजमार्गमा अप्टिकल फाइबर विस्तार गरी सेवाको गुणस्तर थप सुधार गरिने उहाँले जानकारी दिनुभयो । हाल ६ हजार ७४३ वडा केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट सेवा पुगेको, चार हजार २७२ स्वास्थ्य संस्था तथा पाँच हजार ३४१ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्यान्ड जडान सम्पन्न भइसकेका छन् ।

नेपाल टेलिकममार्फत चालु आर्थिक वर्षको जेठसम्म १६२ स्थानमा २जी, १३ स्थानमा ३जी तथा ५८८ स्थानमा ४जी ई-नोडबी गरी कूल ७६३ स्थानमा नयाँ पूर्वाधार सञ्चालनमा आएको तथा आगामी आर्थिक वर्षमा थप एक हजार ५९७ बीटीएस तथा ई-नोडबी खरिद प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो ।

हुलाक सेवा अझै पुरानै शैलीमा सीमित रहेको सांसदहरूको जिज्ञासाको जवाफमा सञ्चारमन्त्री डा तिमिल्सिनाले हुलाकलाई आधुनिक, प्रविधिमैत्री तथा सेवामुखी बनाउने अभियान तीव्र पारिएको बताउनुभयो । आगामी आर्थिक वर्षमा थप ५० स्थानीय तहका हुलाक कार्यालयमा सूचना प्रविधि पूर्वाधार स्थापना गर्न रु दुई करोड ५० लाख विनियोजन गरिएको उहाँको भनाइ छ । नेपाल डिजिटल ट्रान्सफर्मेसन परियोजनाअन्तर्गत पनि हुलाकको आधुनिकीकरणमा लगानी गरिने सञ्चारमन्त्री डा तिमिल्सिनाले जानकारी दिनुभयो ।

हाल हुलाकमार्फत राहदानी, सवारी चालक अनुमतिपत्र, लालपुर्जा, प्रयोगशालाका नमूना, राष्ट्रिय वाणिज्य बैंकका एटीएम कार्ड, स्वास्थ्य बीमा बोर्डका सामग्री तथा विभिन्न सरकारी कागजात ढुवानी भइरहेको जानकारी दिनुहुँदै उहाँले देशभित्र हवाई सेवा पुगेका सबै जिल्लामा ईएमएस सेवा विस्तार भएको तथा ३९ देशसँग द्रुत डाँक सेवा र ७१ देशका ९३ गन्तव्यमा पार्सल सेवा सञ्चालन भइरहेको बताउनुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले हुलाक सेवाको पुनःसंरचना गरी नयाँ व्यवसायिक ढाँचामा लैजाने तयारी भइरहेको बताउँदै हालसम्म ६२ जिल्लामा घरदैलोमै सेवा पुर्याउने व्यवस्था सुरु भइसकेको समेत सदनलाई जानकारी गराउनुभयो ।

चलचित्र, वृत्तचित्र र फोटोग्राफी क्षेत्रको अन्तरराष्ट्रिय प्रवर्द्धन प्रभावकारी नभएको सांसदहरूको जिज्ञासामाथि सञ्चारमन्त्री डा तिमिल्सिनाले चलचित्र छायाङ्कन अनुमति प्रक्रियालाई सरल र छरितो बनाइएको जानकारी दिनुभयो । उहाँले काभ्रेपलाञ्चोकको बनेपामा अत्याधुनिक छायाङ्कन स्टुडियो निर्माण कार्य सुरु भइसकेको र आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको बताउनुभयो । चलचित्रसम्बन्धी विधेयक संङ्घीय संसदमा दर्ता भई प्रतिनिधिसभाको समितिमा छलफलको क्रममा रहेको जानकारी दिँदै उहाँले सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका चलचित्र निर्माणका लागि आगामी आर्थिक वर्षका लागि रु तीन करोड ५० लाख बराबर प्रोत्साहन अनुदान विनियोजन गरिएको उल्लेख गर्नुभयो ।

त्यस्तै, मुलुकको मुद्रण क्षेत्र आर्थिक सङ्कट र प्रविधिगत चुनौतीबाट प्रभावित रहेको भनी सांसदहरूले उठाउनुभएको जिज्ञासा माथि जवाफ दिनुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले सुरक्षण मुद्रण ऐन, २०८१ बमोजिम संवेदनशील मुद्रण सामग्री स्वदेशमै उत्पादन गर्ने पूर्वाधार निर्माण भइरहेको जानकारी दिनुभयो । हाल हुलाक टिकट तथा सवारी चालक अनुमतिपत्र नेपालमै छाप्ने कार्य सुरु भइसकेको छ । हालसम्म छापिन बाँकी २९ लाखमध्ये १८ लाख सवारी चालक अनुमतिपत्र छापिएको र चालु आर्थिक वर्षभित्र विगतमा बाँकी रहेका सबै अनुमतिपत्र छपाइ सम्पन्न गरिने सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो । आगामी आर्थिक वर्षदेखि मागअनुसार तत्कालै अनुमतिपत्र छाप्न सक्ने अवस्था सिर्जना गरिने उहाँको भनाइ थियो ।

यस अवधिमा ३४ लाख ५० हजार हुलाक टिकट छपाइ सम्पन्न भएको र सुरक्षण मुद्रण केन्द्रका लागि आगामी आर्थिक वर्षका लागि रु ३२ करोड ४७ लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । आवश्यकताअनुसार सुरक्षण मुद्रण केन्द्रलाई थप सहयोग उपलब्ध गराइने पनि सञ्चारमन्त्री डा तिमिल्सिनाले स्पष्ट पार्नुभयो ।

प्रतिनिधिसभा विभिन्न बैठकहरूमा सांसदहरूले सूचना तथा सञ्चार मन्त्रालयको बजेट अपर्याप्त भएको, कृत्रिम बौधिकता (एआई), साइबर सुरक्षा, डाटा अर्थतन्त्र तथा डिजिटल पूर्वाधारलाई पर्याप्त बजेट दिनुपर्ने धारणा राख्नुभएको थियो । साथै मन्त्रालयको बजेटमध्ये रु तीन अर्ब ६१ करोड ४६ लाख बराबर रकमको विस्तृत विवरण सार्वजनिक नभएको विषय पनि सदनमा उठाइएको थियो । यसको जवाफमा सञ्चारमन्त्री डा तिमिल्सिनाले मन्त्रालय तथा मातहतका निकायका लागि विनियोजित बजेट मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा गतिविधि छुट्याइएको र क्षेत्रगत आधारमा विनियोजन गरिएको स्पष्ट पार्नुभयो । बजेटको अधिकतम उपयोग हुनेगरी विनियोजन दक्षता अपनाइएको पनि सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा उहाँले नेपाल डिजिटल ट्रान्सफर्मेसन परियोजनामार्फत सरकारी सेवा आधुनिकीकरण, राष्ट्रिय साइबर सुरक्षा सुदृढीकरण तथा डिजिटल सार्वजनिक पूर्वाधार विस्तारका कार्यक्रमलाई समेत प्रभावकारी रूपमा अघि बढाइने जानकारी दिनुभयो । त्यस्तै, सूचना तथा सञ्चार क्षेत्रमा भइरहेको तीव्र विकासले आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारिरहेको उल्लेख गर्नुहुँदै उहाँले आगामी आर्थिक वर्षका सबै कार्यक्रम समयमै सम्पन्न गरी लक्षित उपलब्धि हासिल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# मधेसको कैलास : लोकआस्था र विश्वासको प्रतीक

**गोपालप्रसाद बराल**
महोत्तरी, ४ असार (रासस)।

चुरे पहाडी शृङ्खलाको थुम्कोमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिर मधेस मात्र नभएर छिमेकी भारतको बिहार राज्यका हिन्दुको पनि आस्था र विश्वासको प्रतीक रहँदै आएको छ। थुम्कोको फेदीमा नदी र खोल्सीहरूमा कलकल बग्ने कञ्चन पानी। अनि चुरे काछको पहाडी शृङ्खलामा सिँढी उक्लिदै पुग्नुपर्ने शिवालय। यो परिवेशले नै मान्छेको मन लोभिने र रम्ने ठाउँ बनेको छ।

महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका-५ मा अहिलेको टुटेश्वर बस्तीको सिरानमा यो मन्दिर छ। पूर्व-पश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर घना वन क्षेत्र छिचोलेर शिवालय पुगिन्छ। बर्दिवास मुख्यचोकबाट १६ किलोमिटर दुरी अवस्थित यो ठाउँ धार्मिक पर्यटकीय स्थलका रुपमा चिनिन्छ। माण्डवीगङ्गा नदी किनारमा अवस्थित यो मन्दिर अग्लाअग्ला घना साल वृक्षले घेरिएको पहाडी थुम्कोमा छ। फेदीबाट सिँढी चढ्दै उक्लनुपर्ने हुँदा यो मन्दिरलाई 'मधेसको कैलास' पनि भन्ने गरिन्छ। प्रत्येक वर्ष साउन महिनाभरि लाखौँ श्रद्धालु पुग्ने यो शिवालयलाई कतिपयले 'नेपालको बाबाधाम' पनि भन्ने गर्दछन्।

भारतको झारखण्ड राज्यको देवघरस्थित वेद्यनाथ धामलाई बोलीचालीमा बाबाधाम भनिन्छ। त्यहाँ पुग्न श्रद्धालु भक्तजन सुल्तानगञ्जबाट गङ्गाको पवित्र जल लिएर तीन-चार दिन लाग्दछ। सुल्तानगञ्जबाट देवघरसम्म देखिने पीतवस्त्रधारी श्रद्धालुको लर्कोकै झलक दिने गरी टुटेश्वरचोकबाट शिवालयसम्मको आठ किलोमिटर दुरीमा 'बोलबम' पुकार्दै दर्शनार्थी देखिन्छन्। यही देखिने दृश्यले टुटेश्वरनाथ महादेवस्थानलाई नेपालको 'बाबाधाम' भनिएको बर्दिबास-५ चेरुका ८० वर्षीय राजन पौडेल बताउनुहुन्छ।

शिवालय स्थापनाको प्राचीन जनश्रुतिले पनि यो मन्दिरको महत्व बढाएको छ। अघि द्वापर युगमा वनवासका बेला अर्जुनलाई भगवान् शिवले यसै ठाउँमा किराँत रुपमा दर्शन दिएर अमोघ मानिने पाशुपतास्त्र दिनुभएको यहाँका पाकाजन बताउँछन्। "अर्जुनलाई शिवजीले दर्शन दिनुभएको यसै ठाउँमा भन्ने विश्वास गरिन्छ" नेपाल सरकारका पूर्व सहसचिव स्थानीय ७५ वर्षीय वाणिकराज काफ्ले भन्नुहुन्छ, "यहीँबाटै शिवजीको आशीर्वाद पाएर पाण्डव एक वर्षको गुप्तवासका लागि विराटनगर गएका हामीले मान्यजनबाट सुन्दै आएका हौँ।"

माण्डवीगङ्गा (मडहा), वरुणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गम त मन्दिरबाट करिब १८ किलोमिटर दक्षिण छ। शिवालय स्थापनामा महाभारतकालीन जनश्रुति भए पनि यो ठाउँ विदेहराज शिरध्वज जनककै समयदेखि धार्मिकस्थलका रुपमा रहेको पछिल्ला ४० वर्षदेखि माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीको त्रिवेणी सङ्गमबाट जल लिएर घस्रेर दर्शन गर्दै आउनुभएका गौशाला-४ का ७५ वर्षीय अवकाश प्राप्त शिक्षक वासुदेव महतो बताउनुहुन्छ।

"यो प्राचीन विदेह (मिथिला) भूमि हो, राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी आफ्ना साथीहरूका साथ यहाँ बिहार गर्न आउँथे" महतो भन्नुहुन्छ, "माण्डवीले नुहाउने गरेको हुँदा नै नदीको नाम माण्डवीगङ्गा राखिएको रामायणकालीन कथाहरूमा वर्णन पाइन्छ।" माण्डवीका सखीहरू स्वर्णमती र वरुणवतीकै नाउँमा पनि पछि नदीका नाउँ बनेका उहाँको कथन छ। "यी सबै हामीले आफ्नै बाबु/बाजेबाट सुनेका कथा हुन्" उहाँले भन्नुभयो। टुटेश्वर, पञ्चधुरा माइस्थान, राइमण्डलधाम नजिकका पुरातात्विक महत्वका धार्मिकस्थल हुन्। यी ठाउँ राजा जनक र उहाँका विद्वत्सभाका ऋषिमुनिको तपोभूमिको परिचयमा स्थापित रहेको महतोको भनाइ छ।

विसं २००२ मा डिट्ठा गौरीनारायण गिरीले वन फडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका थिए। त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको छ। शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरूले महाभारतकालीन भनेका छन्। "यहाँको शिवलिङ्ग, बसाहा र अन्य प्राप्त सामग्री महाभारतकालीन नै भएका अहिलेसम्मको अध्ययनले देखाएको छ" जलेश्वर-५ पतैलीका बासिन्दा संस्कृतिविद् तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय भन्नुहुन्छ।

यस ठाउँलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न संस्थागत प्रयत्न थालिएको बर्दिवास नगर कार्यपालिकाको कार्यालयको संस्कृति तथा पर्यटन प्रवर्धन समितिका संयोजक हिरालाल गौतमको भनाइ छ। "यसको धार्मिक महत्व अझ उजागर गर्न पछिल्ला १० वर्षयता प्रयत्न थालिएका छन्, यो ठाउँ केन्द्र, प्रदेश र स्थानीयतहको चासोमा परेको छ" गौतम भन्नुहुन्छ, "गत आर्थिक वर्ष २०८१/८२ देखि मधेस प्रदेश सरकारले निरन्तर बजेटमै सम्बोधन गरेर यहाँको कामलाई चासो दिएको छ।" यसैगरी बर्दिबास नगरपालिका र केन्द्र सरकारले पनि यस ठाउँको पुरातात्विक महत्वको संरक्षण र सम्बर्द्धनका लागि अभिरुचिपूर्वक चासो लिएको उहाँको भनाइ छ।

यसैबीच, मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको कैलास भनिने यस ठाउँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव नै बनाएर तीनै तहका सरकारको समन्वयमा योजनाबद्ध काम गरिनपर्ने बताउनुभएको छ। "यहाँ स्वीकृत ढाँचामा एकद्वार प्रणालीबाट काम गरिन पर्छ, स्थानीय तहले लिने पहलकदमीमा प्रदेश सरकारको साथ सहयोग रहनेछ" मुख्यमन्त्री यादव भन्नुहुन्छ, "यो मधेसको मात्र नभएर मुलुककै धार्मिक आस्थाको केन्द्र हो, यसका लागि केन्द्र सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नेछ।"

मधेसको कैलास भनिने टुटेश्वरनाथको संरक्षण, सम्बर्द्धन र विकासका लागि यसलाई ट्रष्टमा लान नगरवासीको सुझाव छ। "यहाँ गरिन पर्ने मुख्य दुई काम छन्" बर्दिबास-५ का पूर्ववडाध्यक्ष दलबहादुर थापा मगर भन्नुहुन्छ, "पहिलो यस ठाउँको समुचित विकासका लागि दीर्घकालीन योजना निर्माण र दोस्रो साउने मेलाको कुशल व्यवस्थापन हो।" यी सबै कामको केन्द्रमा यसलाई ट्रष्टमा लगिन नगर नेतृत्वले तत्काल पहलकदमी लिन पर्ने उहाँले स्पष्ट पार्नुभयो। थापाजस्तै बर्दिबास-५ स्थित इच्छेश्वर माध्यमिक विद्यालयका शिक्षक युवराज अधिकारी पनि मन्दिरलाई ट्रष्टमा लान पर्ने बताउनुहुन्छ।

माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीका माझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गरिँदा मनोवाञ्छित फल पाइने श्रद्धालुहरूको विश्वास छ। "मैले पछिल्ला ४० वर्षदेखि १८ किलोमिटरको दुरी घस्रदै माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिङ्गमा चढाउँदै आएको छु, यो दुरी पार गर्न मलाई चार दिन लाग्ने गरेको छ" दण्डीबाबा उपनामले चिनिने रजखोरका वासुदेव महतो भन्नुहुन्छ, "यहाँ शिवजीको पुकार गरेर जसरी दुःख बिसाएँ, उहाँले सबै सुन्नुभएको छ, म सन्तुष्ट छु।"

पूर्व-पश्चिम राजमार्ग बन्ने बेलामा ठेकदारहरूले माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको नाउँ बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका उहाँको गुनासो छ। यी नदीहरूको नाउँ विगतको पौराणिक पृष्ठभूमिकै बनाउन नगर नेतृत्वसँग महतोको अनुरोध छ। "यो नाउँ मिलाउने त बर्दिबास नगर कार्य समितिकै निर्णयबाटै भइहाल्छ" महतो भन्नुहुन्छ, "यस ठाउँको पौराणिक महत्व उजागर गर्न नदीका नाउँको महत्व हुन्छ, यसबारे नगर नेतृत्वको ध्यान पुगोस्।"

टुटेश्वरबारे बढेको चौतर्फी चासो यसको विकासमा सहयोगी हुने स्थायीय बासिन्दासमेत रहनुभएका मधेस प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाको विश्वास छ। "मधेसको कैलास भनिएर पनि यसको चर्चा फैलिएको छ, तीनै तहका सरकार मात्र नभएर सामाजिक तथा धार्मिक संस्थाले पनि चासो बढाएका छन्" थापा भन्नुहुन्छ, "यो चासोलाई नगरको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले समुचित समन्वय गर्नुपर्छ।" यस ठाउँको विकासमा प्रदेश सरकारको निरन्तर साथ रहने थापाको प्रतिबद्धता छ।

टुटेश्वरमा अहिले विशिष्ट व्यक्तित्वहरूको बाक्लै अवलोकन तथा धार्मिक यात्रा बन्ने गरेको छ। मधेस प्रदेशका पूर्वमुख्यमन्त्रीहरू सतिशकुमार सिंह र सरोजकुमार यादवले कैयौँपटक मन्दिरमा पूजा आराधना गरेर यहाँको विकासबारे चासो राख्नुभएको बर्दिबास-५ का वडा अध्यक्ष काहारमान स्याङ्वा सम्झनुहुन्छ। यसैगरी, प्रदेश सरकारका मन्त्रीहरू, विभिन्न धार्मिक मठका मठाधीश र वरिष्ठ अधिकारीहरू धार्मिक यात्रामा यहाँ आउनुभएको स्याङ्वा बताउनुहुन्छ। आफ्नो ठाउँमा विशिष्ट व्यक्तित्वको सघन आगमन र यस ठाउँको संरक्षण/सम्वर्द्धनबारे व्यक्त हुने चासोले टुटेश्वरवासी दङ्ग देखिन्छन्। "ठुलाबडाहरू बाक्लै आउजाउ गर्छन्, अब यहाँका लागि केही होला भन्ने आश बढेको छ" टुटेश्वर बस्तीका यतिराज काफ्ले भन्नुहुन्छ। काफ्लेसँगै यहाँका आम बासिन्दामा अब आफ्नो ठाउँले सकारात्मक फड्को मार्ने विश्वास जागेको छ।

# ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा विस्तार गर्न एक हजार छ सय टावर निर्माण गरिने

काठमाडौँ, ४ असार (रासस)।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले देशभर दूरसञ्चार सेवाको गुणस्तर र पहुँच विस्तारका लागि थप एक हजार ६०० नयाँ टेलिफोन टावर तथा सम्बन्धित पूर्वाधार (साइट) निर्माणको प्रक्रिया अगाडि बढाइएको बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले उठाउनुभएको प्रश्नको जवाफ दिनुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले ग्रामीण तथा दुर्गम क्षेत्रमा दूरसञ्चार र इन्टरनेट सेवाको गुणस्तर कमजोर रहेको गुनासो धेरै आउने गरेको र त्यसको समाधानका लागि मन्त्रालय गम्भीरतापूर्वक लागिपरेको बताउनुभयो।

उहाँले दूरसञ्चार सेवाको विस्तार तथा स्तरोन्नतिका लागि आगामी आर्थिक वर्षमा नेपाल टेलिकममार्फत मन्त्रालयको बजेटभन्दा बढी रकम लगानी हुने जानकारी दिनुभयो।

ग्रामीण क्षेत्रमा सेवा विस्तार तथा गुणस्तर सुधारका लागि नेपाल टेलिकमले मात्रै आगामी आवमा रू छ अर्बभन्दा बढी लगानी गर्ने तयारी गरेको उहाँको भनाइ थियो।

सञ्चारमन्त्री डा तिमिल्सिनाका अनुसार हाल देशभर चार हजार ८२९ साइट सञ्चालनमा रहेका छन्। तीमध्ये कोशी प्रदेशमा ७६०, मधेसमा ५६८, बागमतीमा एक हजार २७७, गण्डकीमा ५९९, लुम्बिनीमा ८१९, कर्णालीमा ३०५ र सुदूरपश्चिममा ५०१ साइट सञ्चालनमा छन्।

उहाँले सेवाको पहुँच र गुणस्तरका आधारमा थप पूर्वाधार आवश्यक रहेको अध्ययनले देखाएको बताउँदै कोशीमा २५७, मधेसमा २२८, बागमतीमा ३८९, गण्डकीमा ७६, लुम्बिनीमा २००, कर्णालीमा १२१ र सुदूरपश्चिममा १७२ गरी देशभर एक हजार ४४३ नयाँ साइटको आवश्यकता पहिचान गरिएको जानकारी दिनुभयो।

नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमको मूल्याङ्कनअनुसार यी अतिरिक्त साइट सञ्चालनमा आएपछि देशभर दूरसञ्चार सेवाको गुणस्तर र पहुँचमा उल्लेखनीय सुधार हुने विश्वास व्यक्त गर्दै मन्त्री डा तिमिल्सिनाले आवश्यकताभन्दा बढी पूर्वाधार निर्माणलाई लक्ष्य गरी करिब एक हजार ६०० साइटका लागि खरिद प्रक्रिया अघि बढाउन लागिएको बताउनुभयो।

दूरसञ्चार उपकरणको अधिकांश सामग्री विदेशबाट खरिद गर्नुपर्ने भएकाले केही समय लाग्ने भए पनि मन्त्रालयले सम्बन्धित सेवा प्रदायक संस्थासँग नियमित समन्वय गरी समयसीमाभित्र काम सम्पन्न गर्न निर्देशन दिएको उहाँले जानकारी दिनुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले दूरसञ्चार सेवासम्बन्धी जनगुनासोप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै नागरिकले गुणस्तरीय सञ्चार सेवा प्राप्त गर्ने सुनिश्चितताका लागि तीव्र गतिमा काम भइरहेकोसमेत बताउनुभयो।

## विश्व समाचार

### नेतान्याहुलाई हेजबुल्लासँग उद्धार बन्न ट्रम्पको आग्रह

एभियन (फ्रान्स), ४ असार (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई लेबनानमा हेजबुल्लाहका लक्ष्यहरू सामना गर्न उद्धार दृष्टिकोण अवलक्बन गर्न आग्रह गर्नु भएको छ। दुई राष्ट्रहरू बीचको गठबन्धन बलियो रहेको कुरामा जोड दिदै ट्रम्पले इजरायलले खतराहरूलाई आक्रामक रूपमा प्रतिक्रिया दिने लगायतका विषयमा असहमति रहेको खुलासा गर्नु भएको छ। यसअघि मङ्गलबार लेबनानमा सैन्य कारबाहीलाई नियन्त्रण गर्न कडा असन्तुष्टि व्यक्त गर्दै ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कडा निन्दा गर्नु भएको थियो। सिरियाले हेजबुल्लाहको व्यवस्थापन माथि नियन्त्रण लिन सक्ने प्रस्ताव पेस गर्दै उहाँले इजरायलले "छिटो काम गर्न सक्षम हुनुपर्ने कुरामा जोड दिँदै नेतान्याहुसँग "सन्तुष्ट नभएको बताउनुभएको छ।

विस्तारित शत्रुताले इरानसँगको आफ्नो कूटनीतिक सफलतामा नकारात्मक प्रभाव पारेकोसमेत ट्रम्पले बताउनुभएको छ। उहाँले संयुक्त राज्य अमेरिकाले तेहरानसँगको सम्झौतालाई अन्तिम रूप दिनु भन्दा दुई घण्टा अघि बेरुतमा भएको इजरायली आक्रमण प्रति कडा असन्तुष्टि व्यक्त गर्नु भएको छ। लेबनानमा तीव्र, तथा दैनिक रूपमा भएको इजरायली बमबारीको बीचमा, हजारौंको ज्यान गएको उल्लेख गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले बढ्दो नागरिक हाताहातको विषयमा नेतान्याहुसँग असन्तुष्ट रहेको बताउनु भएको छ। फ्रान्समा जी-७ शिखर सम्मेलनको अवसरमा बोल्दै ट्रम्पले इजरायलले हेजबुल्लाहसँग लामो समय देखि लडिरहेको कारण धेरै मानिसको मृत्यु भएको बताउनुभएको छ। यसैबीच अमेरिकी राष्ट्रपति ट्रम्पले सिरियाका राष्ट्रपति अहमद अल-साराले हेजबुल्लाहको नियन्त्रणलाई अझ प्रभावकारी रूपमा निरीक्षण गर्न सक्ने भन्दै सिरियालाई हेजबुल्लाहको हेरचाह गर्न दिन इजरायललाई सुझाव दिनुभएको छ। अमेरिका र इरानले यस हप्ताको अन्त्यमा शान्ति सम्झौतामा हस्ताक्षर गर्न तयार भए पछि तेहरानले यो सँगै लेबनानमा पनि दिगो शान्ति र तनाव अन्त्य हुने बताइएको छ।

### वासिङ्टन र तेहरान बीचको एमओयूको सार्वजनिक

वासिङ्टन, ४ असार (रासस/क्यूएनए)।

संयुक्त राज्य अमेरिका र इरानले दुई पक्षबीच इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरिएको (सम्झौता-पत्र) एमओयू सार्वजनिक गरेका छन्। ज्ञापन पत्रमा तत्काल र स्थायी युद्धविराम, ६० दिन भित्र अन्तिम सम्झौता वार्ता गर्ने प्रतिबद्धताका साथै प्रतिबन्ध राहत, आवागमनको स्वतन्त्रता र पुनर्निर्माणसँग सम्बन्धित उपायहरू समावेश छन्। दुवै पक्षले प्रकाशित गरेको ज्ञापन पत्रमा लेबनानसहित सबै स्थनामा सैन्य कारबाही तत्काल र स्थायी रूपमा समाप्त गर्ने घोषणा गरिएको छ। यस बाहेक, संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानले अब देखि एक-अर्का विरुद्ध कुनै युद्ध वा कुनै सैन्य कारबाही सुरु नगर्ने, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने र एक-अर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बाट टाढा रहनुका साथै एक-अर्काको विरुद्धमा धम्की वा बल प्रयोग नगर्न प्रतिवद्धता व्यक्त गरेका छन्।

दुवै पक्षले आपसी सहमतिमा अधिकतम ६० दिनमा वार्ता र अन्तिम सम्झौता हासिल गर्ने प्रतिबद्धता जनाएका छन्। अन्तिम सम्झौताले युद्धको अन्त्यलाई औपचारिक बनाउने र दुबै पक्षहरू बिचका सवालहरुलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ। यस एमओयूमा हस्ताक्षर भए लगत्तै संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्र इरानविरुद्ध आफ्नो नौसैनिक नाकाबंदी हटाउन सुरु गर्ने र ३० दिन भित्र नौसैनिक नाकाबन्दी पूर्ण रूपमा अन्त्य गर्ने जनाइएको छ। इरानले खाडी र ओमान बीचमा ६० दिनका लागि व्यावसायिक जहाजहरूको सुरक्षित मार्ग सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ। यसैगरी ज्ञापन पत्रमा इरानी अर्थतन्त्रको पुनर्निर्माण र विकासको लागि योजना समावेश छ भने सम्झौताको अन्तिम भागको रूपमा कार्यान्वयन संयन्त्रलाई अन्तिम रूप दिइने उल्लेख गरिएको छ। प्रतिबन्ध सन्दर्भमा, संयुक्त राज्य अमेरिका इरान इस्लामिक गणतन्त्र विरुद्ध प्रतिबन्ध सबै प्रकारका समाप्त गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद संकल्प सहित, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी बोर्ड अफ गभर्नरका प्रस्तावहरू, र सबै अमेरिकी प्रतिबन्धहरू, फुकुवा गर्ने जनाइएको छ। आणविक सवालमा इरानले आणविक हतियारहरू खरिद वा विकास नगर्ने प्रतिवद्धता दोहोर्‍याएको जनाइएको छ।

दुवै पक्षले आएएइएको पर्यवेक्षणमा पारस्परिक रूपमा सहमत हुने संयन्त्रको अनुसरणमा भण्डार समृद्ध सामग्रीको व्यवस्थापन गर्न समाधान गर्न सहमत भएका छन्। उनीहरूले अन्तिम सम्झौतामा युरेनियम संवर्धन र इरानको आणविक आवश्यकतामाथि पनि वार्ता जारी राख्ने सहमति जनाएका छन्। ज्ञापन पत्रमा अन्तिम सहमति नभएसम्म यथा स्थिति कायम रहने जनाइएको छ। यसमा कुनै नयाँ अमेरिकी प्रतिबन्धहरू र अतिरिक्त सेनाको तैनाती समावेश नरहेको र इरानको आणविक कार्यक्रमको हालको स्थिति परिवर्तित नहुने जनाइएको छ। सम्झौता पछि इरानी कच्चा तेल, पेट्रोलियम उत्पादन र सम्बन्धित सेवाहरूको निर्यातलाई अनुमति दिने छूट जारी गर्ने, नियन्त्रण गरिएको इरानी कोष र सम्पत्ति खुल्ला गर्ने जनाइएको छ। ज्ञापनपत्रको कार्यान्वयन र अन्तिम सम्झौताको अनुपालनको निगरानी गर्न संयुक्त संयन्त्रको स्थापनाको पनि व्यवस्था गरिएको छ। सैन्य कारबाहीको अन्त्य, आवागमन स्वतन्त्रता र आर्थिक प्रतिबन्धहरू कम गर्न प्रमुख प्रावधानहरूको कार्यान्वयन पछि अन्तिम सम्झौतामा वार्ता सुरु हुने जनाइएको छ भने अन्तिम सम्झौता संयुक्त राष्ट्र सुरक्षा परिषद्को बाध्यकारी प्रस्ताव मार्फत स्वीकृत हुने छ।

# मधेशमा २ हजा ७ सय ४८ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

मधेश प्रदेशमा पछिल्लो पाँच वर्षमा २१ हजारभन्दा बढी सडक दुर्घटना हुँदा २७४८ जनाको मृत्यु भएको तथ्यांक सार्वजनिक भएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मको तथ्यांकअनुसार कुल २१ हजार ९८९ सडक दुर्घटनामा ४२ हजार ६३७ सवारी साधन परेका छन् ।

दुर्घटनामा २७४८ जनाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ । यस्तै दुर्गममा परेर १० हजार ८६६ जना गम्भीर घाइते र ३६ हजार ४४२ जना सामान्य घाइते भएका छन् ।

जिल्लागत विवरणअनुसार सबैभन्दा बढी दुर्घटना धनुषा जिल्लामा भएका छन् । धनुषामा पाँच वर्षको अवधिमा ४८६८ दुर्घटना हुँदा ४२८ जनाको मृत्यु भएको छ भने २ हजार ९४३ जना गम्भीर घाइते भएका छन् ।

दुर्घटनाको संख्याका आधारमा बारा दोस्रो स्थानमा रहेको छ । बारामा ४ हजार ४ सय ६८ दुर्घटना हुँदा ४१६ जनाको मृत्यु तथा ७८१ जना गम्भीर घाइते भएका छन् । त्यस्तै सर्लाहीमा ४ हजार ७२ दुर्घटना, ३३६ जनाको मृत्यु र २ हजार १३२ गम्भीर घाइते भएका छन् ।

सिरहामा ३ हजार ५२६ दुर्घटना हुँदा ३७९ जनाको मृत्यु र एक हजार ७७८ जना गम्भीर घाइते भएका छन् । सप्तरीमा तीन हजार ७२० दुर्घटना हुँदा ३८३ जनाको मृत्यु र १ हजार २०८ जना गम्भीर घाइते भएको तथ्यांकमा उल्लेख छ ।

यस्तै रौतहटमा तीन हजार ४०३ दुर्घटना हुँदा तीन सय जनाको मृत्यु र ७६९ जना गम्भीर घाइते भएका छन् । महोत्तरीमा तीन हजार ९१ दुर्घटना हुँदा २९८ जनाको मृत्यु र ८९० जना गम्भीर घाइते भएका छन् ।

यो अवधिमा सबैभन्दा कम दुर्घटना पर्सा जिल्लामा भएको देखिएको छ । त्यहाँ २ हजार ३५ दुर्घटना हुँदा २०८ जनाको मृत्यु र ३६५ जना गम्भीर घाइते भएका छन् ।

राष्ट्रिय सडक सुरक्षा परिषद्, भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश र एशियाली विकास बैंकको (एडीबी) संयुत रुपमा आयोजना गरेको सडक सुरक्षा सम्बन्धी कार्यशाला गोष्ठीमा उक्त तथ्यांक प्रस्तुत गरिएको छ ।

प्रदेश प्रहरी प्रमुख डीआईजी ओम अधिकारीले मधेश जनसंख्या ठूलो प्रदेश भएकाले र सवारीसाधन र सडक पनि धेरै भएकाले दुर्घटना रोक्न चुनौतीपूर्ण भएको बताए ।

ट्राफिक व्यवस्थापनमा सबै क्षेत्रको समन्वय गरेर सचेतनामूलक कार्यक्रमले न्यूनीकरण गर्न सकिने उनको भनाइ छ । नीति निर्माणमा पनि ट्राफिक प्रहरीको आवाज नपुगेको र बजेटमा कमजोर रहेकाले त्यसमा राज्यले विचार गरिदिनु पर्ने उनको भनाइ छ ।

# मञ्जुरीबिना युवकको विवाह गराएको आरोपमा एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरी प्रहरीले एक युवकको मञ्जुरीबिना जबरजस्ती विवाह गराएको आरोपमा फरार एक व्यक्तिलाई पक्राउ गरेको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिका ९ निवासी २४ वर्षीय मनोज ठाकुरलाई सोही वडाबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार २०८२ साल साउन ३१ गते बेलुका करिब ५:३० बजे सुरुङ्गा नगरपालिका ९ स्थित केशव स्मारक जनता माध्यमिक विद्यालय परिसरको सरस्वती मन्दिरमा नागेन्द्र यादवको इच्छा तथा मञ्जुरीविपरीत सुरुङ्गा १० निवासी २२ वर्षीया प्रियंका कुमारी यादवसँग जबरजस्ती विवाह गराइएको थियो ।

घटनापछि पीडित नागेन्द्र यादवले दिएको जाहेरीका आधारमा फरार रहेका ठाकुरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक एवं प्रवक्ता हेमराज घिमिरेले पक्राउ परेका ठाकुरविरुद्ध जिल्ला अदालत सप्तरीबाट पाँच दिनको म्याद थप गरी घटनाबारे थप अनुसन्धान भइरहेको जनाए ।

# राष्ट्र बैंकद्वारा ४५ अर्बको निक्षेप सङ्कलन आह्वान

काठमाडौँ, ४ असार (रासस) ।

नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागले रु ४५ अर्ब निक्षेप सङ्कलन उपकरणको बोलकबोल तथा निष्काशन गर्ने आह्वान गरेको छ ।

विभागले सार्वजनिक सूचना जारी गरेर बुधबारै दिउँसो ३:०० बजेदेखि अनलाइन बिडिङमार्फत बोलकबोलमा सहभागी हुन सक्ने उल्लेख गरेको छ । राष्ट्र बैंकले बोलकबोलको ब्याजदर भने सोही माध्यमबाट हुने जनाएको छ ।

राष्ट्र बैंकले घटीमा रु १० करोड र बढीमा रु पाँच करोडले भाग गर्दा निःशेष भाग जाने गरी कूल आह्वान रकमसम्म बोलकबोल गर्न सकिने छ । निक्षेप सङ्कलनको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरु मात्रै सहभागी हुन सक्छन् ।

# 'बेपत्ता पारिएका व्यक्तिको सत्यतथ्य सार्वजनक गर्न सबै पक्षबीच गाम्भीर्यता र समन्वयको खाँचो'

काठमाडौँ, ४ असार (रासस) ।

शान्ति सम्झौतामार्फत दशवर्षे सशस्त्र सङ्घर्ष अन्त्य भएको दुई दशक पुग्दा पनि द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको सत्यतथ्य सार्वजनिक गर्ने र पीडित परिवारलाई न्याय दिलाउने कार्य अधुरै रहेको भन्दै सरोकारवालाले सबै पक्षबीच गाम्भीर्यता र प्रभावकारी समन्वयको खाँचो औँल्याएका छन् ।

विसं २०५९ साल असार ३ गते काठमाडौँबाट सुरक्षा निकायद्वारा पक्राउ गरी बेपत्ता पारिएका विपिन भण्डारीको स्मृतिमा बुधबार आयोजित कार्यक्रममा वक्ताहरूले द्वन्द्वकालीन बेपत्ता व्यक्तिको खोजी र न्यायको विषयलाई उच्च प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्ने बताउनुभएको छ ।

तत्कालीन विद्रोही नेकपा (माओवादी) का विद्यार्थी नेता रहेका २१ वर्षीय भण्डारीसहित दिलबहादुर राई, रामहरि रूपाखेती, कृष्णबहादुर बस्नेत र देवराज पौडेल हालसम्म बेपत्ता हुनुहुन्छ । द्वन्द्वका क्रममा राज्य पक्षबाट बेपत्ता बनाइएका एक हजार ३०० जनाको अवस्था अझैसम्म सार्वजनिक भएको छैन ।

कार्यक्रममा विपिनका पिता तथा संवैधानिक कानुनका ज्ञाता एकराज भण्डारीले बेपत्ता पारिएका व्यक्तिका परिवारलाई राज्य र विभिन्न सरकारले निरन्तर उपेक्षा गरेको आरोप लगाउनुभयो । उहाँले पीडित परिवारले भोगेका पीडा, दुःख र अनुभवलाई राज्यले कहिल्यै गम्भीर रूपमा नबुझेको र स्वीकार नगरेको बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का दीपक चलाउनेले शान्ति सम्झौताले नयाँ राजनीतिक तथा सांस्कृतिक रूपान्तरणको आशा जगाएको भए पनि ती अपेक्षाहरू पूरा हुन नसकेको बताउनुभयो । उहाँले द्वन्द्वकालमा योगदान दिएका व्यक्तिहरूको भूमिका र बलिदानलाई पर्याप्त सम्मान नदिइएको टिप्पणी गर्नुभयो ।

नेकपा (माओवादी) का माइला लामाले द्वन्द्वपीडितको त्याग र बलिदानलाई अवमूल्यन गर्ने प्रयास भए असन्तुष्टि र अशान्ति बढ्न सक्ने भएकाले बेपत्ता व्यक्तिको खोजी कार्य निरन्तर जारी रहनुपर्ने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टीकी वरिष्ठ नेतृ पम्फा भुसालले बाँकी रहेका द्वन्द्वकालीन विषय समाधानका लागि राजनीतिक संवाद र वामपन्थी शक्तिबीचको एकता आवश्यक रहेको धारणा राख्नुभयो ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सचिव ध्रुवकुमार चौहानले सत्य र न्यायको खोजीलाई अगाडि बढाउन सरोकारवाला पक्षहरूबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताउनुभयो ।

### प्रहरी...

कोदरकट्टी प्रहरी चौकीको टोलीमाथि तस्कर समूहले आक्रमण गरेको थियो ।

उनले घटनाको विषयमा थप बुझ्ने तथा आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने काम भइरहेको जानकारी दिँदै घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा पक्राउका लागि प्रहरी परिचालन गरिएको उनले बताए ।

### सात...

केन्द्रका कार्यकारी निर्देशक बिनोदानन्द चौधरी, जनचेतना दलित संगमका कार्यकारी निर्देशक इन्द्र राम तथा विभिन्न पालिकाका हरवा चरवा अगुवाहरु परिचालित भएका थिए ।

### नीजि...

बहस गरेका थिए ।

इजलासले राजविराज नगरपालिका भित्रका निजी तथा गुठी विद्यालयहरूमा चालु शैक्षिक सत्रको बीचमै शुल्क वृद्धि गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

अदालतले राजविराज नगरपालिका र सम्बन्धित विपक्षी निकायहरूलाई बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ । साथै, अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने भन्नेबारे थप छलफलका लागि आगामी असार ११ गते दुवै पक्षलाई आवश्यक प्रमाणसहित उपस्थित हुन पेशी तोकिएको छ ।

अदालतको यो आदेशसँगै राजविराजका निजी विद्यालयहरूले बढाएको नयाँ शुल्कदर तत्कालका लागि रोकिएको छ ।

# विदेशमा पिआर लिएर बसेका दुई कर्मचारीलाई सरकारी सेवामा अयोग्य ठहरिने गरी कारबाही सिफारिस

काठमाडौँ, ४ असार (रासस) ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विदेशी मुलुकको आवासीय अनुमति लिएर लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीसँग स्पष्टीकरण माग गरेको छ ।

मन्त्रालयले सूचना जारी गर्दै अध्ययन बिदा वा असाधारण बिदा समाप्त भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर नभई विदेशमै बसोबास गरिरहेकोले उहाँहरूमाथि कानुनी प्रक्रिया अघि बढाएको जनाएको हो ।

सूचनाअनुसार मन्त्रालयमा कार्यरत दुई जना कम्प्युटर अपरेटर अध्ययन र असाधारण बिदा सकिसकेपछि पनि लामो समयदेखि कार्यालयमा अनुपस्थित छन् । मन्त्रालयका अनुसार उहाँहरूले अस्थायी आवासीय अनुमति र स्थायी आवासीय अनुमति लिएको पाइएको हो ।

निजामती कर्मचारीले पदमा बहाल रहँदै विदेशी मुलुकको आवासीय अनुमति लिन वा सोका लागि आवेदनसमेत दिन नपाइने कानुनी व्यवस्था छ । स्वीकृत बिदा समाप्त भएपछि ३० दिन भित्र कार्यालयमा उपस्थित हुनुपर्नेमा अनुपस्थित रही निजामती सेवा ऐनविपरीतको कार्य गरेकोले उनीहरूलाई स्पष्टीकरणको सोधिएको हो ।

मन्त्रालयका अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उनीहरूलाई भविष्यमा सरकारी सेवाका लागि समेत अयोग्य ठहरिने गरी कारबाही अघि बढाउनुपर्ने अवस्था देखिएकाले १५ दिनभित्र चित्तबुझ्दो आधार र प्रमाणसहित सफाइ पेश गर्न भनिएको छ ।

तोकिएको अवधिभित्र स्पष्टीकरण पेश नगरे वा पेश गरिएको स्पष्टीकरण सन्तोषजनक नभए प्रचलित कानुनअनुसार थप कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले कार्यालयमा अनुपस्थित भई विदेशमा बसोबास गरिरहेका तथा लामो समयदेखि सम्पर्कविहीन रहेका अन्य कर्मचारीहरूको अवस्थाबारे समेत अध्ययन तथा खोजी कार्यलाई तीव्रता दिएको जनाएको छ ।

सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले निजामती सेवामा अनुशासन र जवाफदेहितालाई थप मजबुत बनाउन यस्ता गतिविधिमाथि निगरानी बढाइएको बताउनुभयो ।

मन्त्री रावलले निजामती सेवामा अनुशासन कायम गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउँदै कार्यालयमा अनुपस्थित रहेका कर्मचारीहरूको अवस्थाबारे अध्ययन भइरहेको र कानुनअनुसार आवश्यक निर्णय गरिने जानकारी दिनुभयो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np